नेपाल राष्ट्र बैंक

# प्रेस समाचार

## स्वस्थ वित्तीय प्रणाली निर्माणका लागि बैंक तथा वित्तीय संस्था र नियामक निकायबीच सहकार्य आवश्यक

(सन्दर्भ : गभर्नर - बैंकर्स एसोसिएसन छलफल)

गभर्नर डा. युवराज खतिवडासँग नेपाल बैंकर्स एसोसिएसनको एक प्रतिनिधिमण्डलले भेट गरी वित्तीय क्षेत्रका समसामयिक विषय, समस्या र सोको सम्भावित समाधानका विषयहरुका बारेमा जानकारी गरायो । एन.वि.ए.को पदाधिकारीहरुको सो प्रतिनिधिमण्डलले सुरक्षित कारोवार ऐन, बैंक तथा वित्तीय संस्थाहरूले गर्नुपर्ने Dynamic Provisioning, नेपाल क्लियरिङ हाउस लि.को सेवावापतको शुल्क, बैंक तथा वित्तीय संस्थाको शीघ्र सुधारात्मक कारवाही सम्बन्धी व्यवस्था, श्रम ऐन र त्यसमा वित्तीय क्षेत्रका कर्मचारीको समावेशिता, बैंक तथा वित्तीय संस्थामा तरलताको अवस्था र खुला बजार प्रक्रिया मार्फत हुने तरलता व्यवस्थापन, निक्षेप बीमाको शुल्क घटाउने सम्बन्धमा भएका सहमति कार्यान्वयन, व्याजदर अन्तर (Spread Rate) सम्बन्धी नयाँ व्यवस्था र सोको कार्यान्वयन लगायतका विषयमा जानकारी गराएको थियो ।

भेटमा गभर्नर खतिवडाले नवनिर्वाचित पदाधिकारीलाई वधाइ तथा शुभकामना दिनुहुँदै स्वस्थ, सबल र प्रतिष्पर्धी वित्तीय क्षेत्र कायम गर्ने कार्यमा अघि बढ्न नेपाल राष्ट्र बैंक एसोसिएसनसँग छलफल गरी अघि बढ्ने आश्वासन दिनुभएको थियो । Dynamic Provisioning का सम्बन्धमा अवधारणा पत्र तयार भइरहको जानकारी दिँदै उहाँले विद्यमान बैंकिङ सिद्धान्तलाई आधार मानी नेपाल राष्ट्र बैंकले निर्देशन जारी गर्नेगरेको स्पष्ट पार्नुभयो । तरलता व्यवस्थापन गर्नका लागि नेपाल राष्ट्र बैंकसँग उपलब्ध उपकरणहरूको उपयोग गरिएको जनाउँदै गभर्नर डा. खतिवडाले मुलुकमा चुनाव सम्पन्न भई परिणाम समेत आइसकेकाले कर्जा प्रवाहको स्थिति क्रमशः सुधार हुँदै जाने विश्वास व्यक्त गर्नुभयो ।

भेटमा डेपुटी गभर्नर महाप्रसाद अधिकारीले वित्तीय क्षेत्र नियमन तथा सुपरिवेक्षण, कर्जा सूचना केन्द्रको सबलीकरण, बैंक ग्यारेन्टी सम्बन्धमा देखिएका केही समस्या लगायत विषयमा बैंकको दृष्टिकोणका बारेमा प्रकाश पार्नुभएको थियो । सो बैठकमा बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक लोकबहादुर खड्का लगायतको उपस्थिति रहेको थियो ।

गभर्नरको कार्यालय

२०७० मंसिर १७ गते, सोमबार